महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७५ आषाढ ०८ गते, शुक्रबार

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलिया, संघीय संसद सचिवालयका सचिव श्री हिमलाल सुवेदी, सर्वोच्च अदालतका रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय, महालेखा नियन्त्रक श्री रामकुमार आचार्य, सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री मधुप्रसाद रेग्मी, अर्थ मन्त्रालयका सह सचिव श्री अर्जुन पोखरेल, यातायात व्यवस्था विभागका का.मु. महानिर्देशक लगायतको सहभागितामा नेपाल सरकारका विभिन्न निकायमा **सरकारी सवारी साधन व्यवस्थापन** विषयक कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा छलफल सम्पन्न भएको छ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल) ले सरकारी कोषबाट वर्षेनी ठूलो रकम सवारी साधन खरिदमा खर्च भैरहेको, संघीय निकाय देखी स्थानीय तहसम्म सवारी साधनको आवश्यकता बढेको, सरकारी सवारी सुविधा प्राप्त गर्ने पदाधिकारीका सम्बन्धमा विविधता रहेको तथा सरकारी सवारी साधनको केन्द्रिय अभिलेख नरहेको, सरकारी सवारी साधनको दुरुपयोगको विषय सधैजसो समाचारको विषय वनिरहेको विद्यमान अवस्थाका कारण कार्यमूलक लेखापरीक्षण गर्न विषय छनोट गरिएको जानकारी गराउनु भयो।

कार्यक्रममा महालेखा नियन्त्रकले सरकारी सवारी साधन प्रयोगकर्तालाई नै जिम्मेवार बनाउने गरी निश्चित मापदण्डका आधारमा सरकारी साधन उपलब्ध गराउनु उपयुक्त हुने र विद्यमान लिलामी प्रक्रियालाई सरलीकरण गर्नुपर्नेमा जोड दिनुभयो। सर्वोच्च अदालतका रजिष्ट्रारले, सरकारी पदाधिकारीबाट प्रयोग गर्ने सवारी साधन सुरक्षाको विषय, सवारी साधन फिर्ता गरी व्यवस्थापन गर्ने कायमा ध्यान दिनुपर्ने बताउनु भयो। संघीय मामिला तथा सामान्य प्रशासन सचिवले प्रदेश र स्थानीय तहमा सवारी साधनको अत्यधिक माग र खरिदका कारण मापदण्ड आवश्यक देखिएको, सडक नै नपुगेका स्थानीय तहले समेत सवारी साधन खरिद गर्न शुरु गरेको तथा २० वर्ष सवारी साधनको मापदण्ड प्रयोगको क्षेत्रमा पुनरावलोकन गर्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा संघीय संसदका सचिवले सरकारी सवारी साधनको व्यवस्थापनमा उच्च व्यवस्थापनको धेरै समय खर्च भैरहेको, उच्च पदमा नियुक्ति वा बहाली पश्चात सुविधाको विषय जोडिएर आउने गरेकोले सम्बन्धितलाई नै सवारी खरिद गर्न चाहेमा आवश्यक सहुलियत दिएर सञ्चालन गर्दा बढी प्रभावकारी हुने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवबाट श्रोत उपलब्धताका आधारमा नभई आवश्यकता एवं निश्चित मापदण्डका आधारमा सवारी साधन खरिद हुनुपर्ने र सरकारी सवारी साधन खरिद सम्बन्धमा स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट नै तयार गर्ने गरी कार्य भैरहेको जानकारी दिनुभयो। कार्यक्रममा सवारी साधन खरिदमा बजेट अनुशासन

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


उल्लंघन हुँदै आएको, आवश्यकता पहिचान बेगर सवारी साधन खरिद भैरहेको, सवारी साधनको वैकल्पिक योजना नरहेको, मर्मत सम्भार सम्बन्धमा मापदण्ड तयार नभएको विषयमा समेत छलफल भएको थियो । कार्यमूलक लेखापरीक्षण निर्देशनालयको संयोजनमा सञ्चालित कार्यक्रममा नायव महालेखापरीक्षक श्री दामोदर पुडासैनीले विषय छनोटको सान्दर्भिकता, लेखापरीक्षणको क्षेत्र र सरोकारवाला निकायबाट अपेक्षा गरिएको सुझाव एवं सहयोगबारे प्रकाश पार्नुभएको थियो ।

अशोक कुमार कार्की
सहायक-प्रवक्ता